**प्रस्तावः (मिति २०७६/०९/०६, आइतबार, ७१ औं कार्यपालिका बैठक)**

१. कार्यविधि पारित/संशोधन सम्वन्धमा
२. गणकको पारिश्रमिक सम्वन्धमा
३. आर्थिक सहयोग सम्वन्धमा
४. भुक्तानी सम्वन्धमा
५. नगर सभा सम्बन्धमा
६. शाकिनी कुखुरा संरक्षण सम्वन्धमा
७. सामाजिक सुरक्षा रकम सम्वन्धमा
८. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा
९. जलाशय निर्माण सम्वन्धमा
१०. नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको निर्णय सम्वन्धमा
११. लिलाम सम्वन्धमा
१२. कवाड गाडी सम्वन्धमा
१३. खानेपानी, सरसफाई तथा स्वच्छता योजना निर्माण सम्वन्धमा
१४. सोलार मर्मत सम्वन्धमा
१५. स्वागत सम्वन्धमा
१६. स्वास्थ्य लाभ सम्वन्धमा

**निर्णय नं.१:**

१.१ घोराही उपमहानगरपालिकाको योजना बजेट तथा सूचना प्रबिधि शाखाले पेश गरेको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि २०७६ कार्यपालिकामा छलफल गरि पारित गरियो।

१.२ घोराही उपमहानगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५मा संशोधन प्रस्ताव माथि छलफल गरियो ।करारमा कर्मचारी व्यवस्थापन गर्न उम्मेदवारहरुले प्राप्त गर्ने देहाय अनुसारको अंकको फरक अत्याधिक भएकोले तपशिल बमोजिम संशोधन गर्ने ।

क) कार्यविधिको दफा ४(३) क मा संशोधन

उम्मेदवारले शैक्षिक योग्यता वापत प्राप्त गर्ने अंक देहाय अनुसार कायम गर्ने

- शैक्षिक योग्यता वापत जम्मा : ६० अंक
    - विशिष्ट श्रेणी वापत : ६०
    - प्रथम श्रेणी वापत : ५८
    - द्बितीय श्रेणी वापत : ५७
    - तृतीय श्रेणी वापत : ५६

ख) कार्यविधिको दफा ४ (३) ख अनुसार कार्य अनुभव वापत अंक प्रदान गर्दा विज्ञापन गरिएको पद संग सम्वन्धित कार्य अनुभव भए मात्र अंक प्रदान गर्ने ।

**निर्णय नं.२:**

घोराही उपमहानगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना (वास) निर्माण गर्नुपर्ने भएको हुँदा घरधुरी र संस्थागत तथ्यांक संकलन गर्न तथ्यांक संकलकहरु आवश्यक परेकोले सोको सूचना बमोजिम तथ्यांक सङ्कलकलाई प्रति घरधुरी रु ३० (तिस रुपैया) का दरले भुक्तानी गरिने पारिश्रमिक वार्षिक कार्यक्रम सि.नं. ६२ सरसफाई सेवा शुल्क शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं.३ः**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | ब्रह्माकुमारी इश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, नेपाल, शाखा, घोराही, दाङ | ५००००।०० | धार्मिक संस्था सहायता | |
| २. | बुद्ध सरयु  चलचित्र महोत्सव-२०७६, दाङ | २००००।०० | अन्य संस्था सहायता | |
| ३. | थारु पत्रकार संघ दाङ | ३००००।०० | अन्य संस्था सहायता | |
| ४. | इच्छुक साँस्कृतिक प्रतिष्ठान | २००००।०० | धार्मिक संस्था सहायता | |
| ५. | दशौ अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला २०७६ | २००००।०० | धार्मिक संस्था सहायता | |
| ६. | नेपाल विद्यालय कर्मचारी परिषद | १००००।०० | शैक्षिक संस्था सहायता | |
| ७. | ९. वडा को सिद्धबाबा मन्दिर ६०० मिटर तारबार | १०००००।०० | धार्मिक संस्था सहायता | |

**निर्णय नं. ४ :**

४.१ नेपाल पर्यटन बोर्डबाट आ.व. ०७५/०७६मा स्वीकृत कार्यक्रम अनुसार घोराही उपमहानगरपालिकाको वडा नं. १२ मा पर्यटक विश्राम स्थल निर्माण गर्नका लागि उक्त क्षेत्रका उपभोक्ताहरुको सहभागितामा गठित  उपभोक्ता समिति र घोराही उपमहानगरपालिका वीच मिति २०७६ जेठ १० गते दुई पक्षीय सम्झौता भई कार्यक्रम सम्पन्न भएको, २०७६ भाद्र महिनाको ३० गते अनुगमन तथा प्राविधिक मुल्यांकन भई सिफारिस समेत भएको । उक्त कार्यक्रममा विनियोजित रकम रु. ७०००००।०० (अक्षरुपि सात लाख )पर्यटन बोर्डबाट मिति २०७६ साल असार २८ गते र मिति २०७६ असोज १५ गते  गरि दुई किस्तामा  निकासा भएको र लागत सहभागिताको रकम रु. १,१०,७८४ (अक्षरुपि एक लाख दश हजार सात सय चौरासी रुपैया) गरि जम्मा रकम ८,१०,७८४( अक्षरुपि आठ लाख दश हजार सात सय चौरासी रुपैया) घोराही उपमहानगरपालिकाको संचित खातामा जम्मा हुन आएको । उक्त संचित खाताबाट भुक्तानी दिनका लागि नमिल्ने हुँदा सो योजनाको भुक्तानी उपभोक्ता समितिले हाल सम्म पनि प्राप्त गर्न नसकेकोले उक्त जम्मा रकम रु ८१०७८४।०० भैपरी पुँजीगत शिर्षकबाट सोधभर्ना हुने गरि उपभोक्ता समितिलाई भुक्तानी दिने ।

४.२ घोराही उपमहानगरपालिकाको आ.व. २०७६/०७७ को कृषि विकास शाखा अन्तर्गत वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा कृषकलाई उन्नत गहुँको बिउ वितरण गर्न प्रत्येक वडा कार्यालयको माग बमोजिम टेण्डर प्रक्रियाबाट १५००० के.जी. गहुँको विउ रु.७९।०० प्रति के.जी. का दरले जम्मा रु.११८५०००।०० (अक्षरुपि एघार लाख पचासी हजार रुपैया) मा खरिद गरिएकोमा जम्मा १२४६८ के.जी. गहुँ (रु ९८४९७२।०० अक्षरुपि नौ लाख चौरासी हजार नौ सय बहत्तर रुपैया मात्र) को वितरण भएको  र

बाँकी २५३२ के.जी. गहुं ( रु. २०००२८|००, अक्षरुपि दुई लाख अटठाइस हजार रुपैया ) को गहुँको विउ विक्री हुन नसकेकोले बाँकी रहेको गहुँ सुरक्षित भण्डारण गरि टेण्डर प्रक्रियाबाट खरिद गरिएको १५००० के.जी. गहुँको मूल्य रु ११८५०००|०० (अक्षरुपि एघार लाखपचासी हजार मात्र ) मध्ये ९८४९७२ को ५०% र वितरण हुन नसकेको गहुँ २५३२ के.जी को प्रति के.जी रु. ७९|०० का दरले  हुन आउने रकम रु.२०००२८|०० को पुरै रकम कार्यक्रमको सम्वन्धित शिर्षकबाट भुक्तानी दिने ।

**<u>निर्णय नं.५ :</u>**

घोराही उपमहानगरपालिकाको  छैटौं नगर सभा (हिउँदे) २०७६ साल पुस १४ गते गर्ने |

**<u>निर्णय नं.६:</u>**

घोराही उपमहानगरपालिकाको पशु सेवा शाखा अन्तर्गत आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम शाकिनी कुखुराको खोर सुधार कार्यक्रम संचालनका लागि साविकका २० जना कृषकको खोर सुधार कार्यक्रम राखिएकोमा ६ जनाको मात्र आवेदन पर्न आएकोले आवेदन पर्न आएका कृषकको खोर सुधार प्राविधिक ल.इ. अनुसार गर्ने ।

**<u>निर्णय नं.७:</u>**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत दलित नवजात शिशुको जन्म भएको मितिले ३५ दिन भित्र जन्म दर्ता गराउन आउने परिवारलाई प्रोत्साहन स्वरूप दिइने रु.१०००|०० प्रोत्साहन भत्ता कार्यविधि बमोजिम सामाजिक सुरक्षा शिर्षकबाट दिने गरी जन्म दर्ता प्रमाण पत्र संगै उपलब्ध गराउन वडा सचिबलाई पेश्की रकम उपलब्ध गराउने ।

**<u>निर्णय नं.८:</u>**

घोराही उपमहानगरपालिकामा संचालन हुनेगरी वडास्तरबाट माग भएका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने र स्वीकृतिका लागि केन्द्रमा पठाएका तपशिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने ।

**<u>निर्णय नं. ९:</u>**

घोराही उपमहानगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत योजना तथा कार्यक्रम मध्ये जलाशय सम्वन्धी कार्य संवेदनशील कार्य भएकोले  निर्माणको क्रममा कुनै विवाद उत्पन्न भएमा विवाद निरुपणमा सम्वन्धित उपभोक्ता समेत सक्रिय भई विवाद समाधानमा सहज हुने र समयमै योजना सम्पन्न गर्न सघाउ पुग्ने भएकोले उपभोक्ता समिति मार्फत गर्ने नीतिगत व्यवस्था  भएको तर उक्त कार्यमा भारी उपकरण समेत प्रयोग हुने भएकोले उपभोक्ता समितिले जलाशय निर्माण सम्वन्धी कार्य गर्दा सो कार्यमा भारी उपकरण प्रयोग गर्नु परेमा कम्तिमा १५ (पन्ध्र) दिनको सूचना राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरि घटाघटको माध्यमबाट यन्त्र उपकरण लिने व्यवस्था मिलाउने ।

**<u>निर्णय नं.१० :</u>**

१०.१ नेपाल सरकार प्रदेश नं.५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवलको प.स. २०७६/०७७, च.नं. ११७८, मिति २०७६/०८/१२को प्राप्त पत्रानुसार नेपाल भ्रमण वर्ष सन् २०२० को अवसरमा घोराही उपमहानगरपालिकाको पर्यटन, प्रवर्द्धन, प्रचार प्रसार र पर्यटकीय क्षेत्रको सम्भावना एकिन गर्न नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिले पेश गरेको तपशिल अनुसारको गठित नेपाल भ्रमण बर्ष सन् २०२० नगरस्तरीय पर्यटन प्रवर्द्धन समितिलाई अनुमोदन गरियो ।

<u>तपशिलः</u>

नगर प्रमुख श्री नरुलाल चौधरीः अध्यक्ष
वडाध्यक्ष श्री रमेश कुमार पाण्डेय : सदस्य
श्री प्रेम कुमारी पुन : सदस्य
श्री राज कुमारी चौधरी : सदस्य
प्रतिनिधि दाङ जिल्ला उद्योग बाणिज्य संघ : सदस्य
प्रतिनिधि दाङ देउखरी होटेल व्यवसायी समिति : सदस्य
प्रतिनिधि नेपाल पत्रकार महासंघ, दाङ शाखा : सदस्य
पर्यटन पत्रकार श्री के.वि. मसाल : सदस्य
संस्कृति विद श्री शिव कुमार सुवेदी : सदस्य
थारु भाषिक विज्ञ श्री के.वि. चौधरी : सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री ऋषिराम के.सी.: सदस्य सचिव

१०.२ नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको सदस्यमा संथागत रुपमा दाङ देउखरी होटेल व्यवसायी समितिको प्रतिनिधि र पर्यटनविदको रुपमा डा. गोविन्द आचार्यलाई मनोनयन गर्ने ।

**<u>निर्णय नं.११ :</u>**

यस घोराही उपमहानगरपालिकाको आ.व. २०७५/०७६ को जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि उल्लेख' भएका जिन्सी सामग्रीहरु लिलाम गर्नका लागि जिन्सी सामग्रीहरुको न्यूनतम लिलाम मूल्य कायम भए अनुसार लिलामको प्रक्रिया अगाडी बढाउने ।

**<u>निर्णय नं. १२ :</u>**

घोराही उपमहानगरपालिका बजार क्षेत्र भित्रका वडा नं. १४, १५ र १७ का विभिन्न क्षेत्रमा वेवारिसे अवस्थामा रहेका कवाड ट्रीपरहरुका कारणले आम नागरिकहरुले जग्गा भोग गर्न नपाएको र शहरी सौन्दर्यमा समेत प्रतिकुलता ल्याएकोले उक्त ट्रीपरहरुको हकदावी सम्वन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्ने र सो अवधिमा हकदाबी नपरेमा लिलाम प्रक्रिया अगाडी बढाउने ।

**<u>निर्णय नं. १३ :</u>**

खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना, तयारीका लागि घोराही उपमहानगरपालिका र प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं.५ बुटवल बीच समझदारी-पत्रमा मिति २०७६ कार्तिक २२ गते हस्ताक्षर भइसकेकोले घोराही उपमहानगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना तयार गर्ने ।

**निर्णय नं. १४ः**

घोराही उपमहानगरपालिका १० नं. वडा नारायणपुरमा जडान भएका सोलार बत्ति मर्मत गर्नुपर्ने अवस्थामा रहेका र मर्मतका लागि १० नं.वडा कार्यालयबाट बजेट विनियोजन नभएकोले सडक बत्ति शिर्षकबाट मर्मत गर्ने ।

**निर्णय नं. १५ः**

घोराही उपमहानगरपालिका वडा नं. १६ का नवनिर्वाचित वडा अध्यक्ष श्री तारा बहादुर डि.सी.ज्युलाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना दिइयो।

**निर्णय नं. १६ः**

घोराही उपमहानगरपालिका ९ नं. वडाका वडाअध्यक्ष श्री मानबहादुर बस्नेतज्यु मोटरसाइकल दुर्घटनामा परि घाइते हुनुभएको हुँदा शिघ्र स्वास्थ्य लाभको कामना गर्ने |